# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: ८६५

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८१/१०/०९

**विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।**

**श्री उपाध्यक्ष ज्यू,**
**श्री वडा अध्यक्ष ज्यूहरु, सबै**
**श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।**

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८१/१०/१० गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ८:०० बजे

..............................
(उज्वल वहादुर वस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी



CamScanner

## मिति २०८१/१०/१० गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. गाउँसभाको १३ औं अधिवेशन सम्बन्धमा

३. कार्यविधि पारित गर्ने सम्बन्धमा ।

४. विविध विषयका सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/१०/१० गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | [signature] | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | [signature] | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | [signature] | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | [signature] | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | [signature] | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | [signature] | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | [signature] | श्री ~~खिम बहादुर थापा खरु मगर~~ श्री देव बहादुर लुंगेली | ~~वडा अध्यक्ष,~~ वडा नं. ५/~~का.पा.सदस्य~~ |
| ८ | [signature] | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | [signature] | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | [signature] | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | [signature] | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | [signature] | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | [signature] | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | [signature] | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति :

१६ श्री बुद्धि प्रसाद चुर्दी [signature]

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१०/१० गतेको आ.व. २०८१/०८२ को सातौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँसभाको १३औं अधिवेशन (हिउँदे अधिवेशन) २०८१ साल माघ २५ गते संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तापसिलको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

क. बौदीकाली गाउँपालिकाको लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन कार्यविधि, २०८१ ।

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक, सामाजिक र साँस्कृतिक विशेषता एवं विशिष्ठ पहिचान झल्किने लोगो तयारीको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- श्री कालीगण्डकी युवा समाज, रामपुर-१, पाल्पा, स्याउलीबजारको १९औं वार्षिकोत्सवको अवसरमा आयोजना गरेको खुल्ला महिला भलिबल प्रतियोगितामा यस बौदीकाली गाउँपालिकाको महिला भलिबल टिमले सहभागी भई उत्कृष्ट खेल प्रदर्शन गरे वापत **"खेलकुद प्रवर्द्धनको लागि खेलाडी प्रोत्साहन कार्यक्रम"** शिर्षकबाट संलग्न बिल भरपाई अनुसार बढीमा रु.१०,०००/- सहयोग गर्ने निर्णय गरियो ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालनार्थ बौदीकाली गाउँपालिकामा हाल ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनुभएका लाभग्राहीहरु र उमेर पुगेका तर सामाजिक सुरक्षा भत्ता पाउन अयोग्य ज्येष्ठ नागरिकहरुको विवरण तयार गरी सम्पूर्ण वडाहरुसंगको समन्वय र

CamScanner

सहकार्यमा बजेट सिमाभित्र रहि कार्यक्रम संचालन गर्ने निर्णय गरियो । सो सम्वन्धमा लाभग्राहीहरुको आवश्यकता पहिचान गरी सम्पूर्ण वडाहरुसंग विवरण माग गर्ने निर्णय गरियो।

- ४३ औं मगर दिवस (२०८१ साल फाल्गुन १५ गते) मगर दिवसको अवसरमा विविध मौलिक साँस्कृतिक कार्यक्रम सहित खाद्य दिवस (Food Festival) संचालनको लागि पहल गर्ने निर्णय गरियो ।
- अध्यक्ष कप खेलकुद प्रतियोगिता, २०८१ मा घाइते भएका खेलाडी बौदीकाली-५, निवासी खुम बहादुर सुनारीको सम्पूर्ण औषधी उपचार खर्चमा लागेको रकम रु.९९,३४८.३३/- निजको अभिभावकको खातामा भुक्तानी दिने निर्णय गरियो । साथै घाइते खेलाडीलाई डेढगाउँ देखि भरतपुर अस्पतालसम्म लैजाने एम्बुलेन्स खर्च रु.९०००/-(करकट्टी सहित) एम्बुलेन्स चालक टेकराज ओझाको बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो ।
- बाँदर नियन्त्रणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८१/०८२ च.नं. १८ मिति २०८१/०९/१८ गतेको पत्र अनुसार गण्डकी प्रदेश बाहेकका अन्य प्रदेशमा नियुक्ति लिई गण्डकी प्रदेशमा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई तह वृद्धि/दरबन्दी कायम गर्न नमिल्ने र यदि कुनै कर्मचारीको तह वृद्धि भएको भए सो तह वृद्धि/तह कायम बदर गरी निजले सो अवधिमा खाइपाई आएको तलव भत्ता सरकारी बाँकी सरह असुलउपर गरी स्थानीय संचित कोषमा आम्दानी बाध्ने भनी परिपत्र आएकोले यस कार्यालयमा कार्यरत रहेका शिक्षा अधिकृत राम प्रसाद अधिकारीको तह वृद्ध बदर गरी निजले सो अवधिमा खाइपाई आएको तलव भत्ता असुलउपर गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी दिने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको मिति २०८१/०९/०७ गते प्रकाशित तहवृद्धिका लागि आवेदन दिने सम्वन्धी सूचना बमोजिम र गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ बमोजिम बौदीकाली गाउँपालिकामा लेखापाल पदमा कार्यरत लालचन गैह्रेको हालको पदमा न्युनतम सेवा अवधि (५ वर्ष) पूरा गरेको तथा पछिल्लो पाँच वर्षको कार्य सम्पादन मुल्यांकनमा औशत पन्चानब्बे प्रतिशत अंक वा सो भन्दा बढी अंक प्राप्त गरेकोले निजको छैटौं तहमा तहवृद्धि गर्ने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँमा निर्माण सम्पन्न भएको १५ शैया अस्पताल संचालनको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१०/१० गतेको आ.व. २०८१/०८२ को सातौं बैठकका निर्णयहरु :

- बौदीकाली-१, मिथुकरम स्थित मिथुकरम स्वास्थ्य चौकी निर्माणको लागि शशर्त अनुदान बाहेक प्राविधिकको लागत अनुमान अनुसार बाँकी रकमको स्रोत सुनिश्चितता गरी ठेक्का प्रक्रिया अगाडी बढाउन गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली-६ स्थित नगरडाँडा-माझडाँडा सडक स्तरोन्नतिको लागि DPR तयार गरी आवश्यकता अनुसारको काम अगाडी बढाउने निर्णय गरियो ।
- बौदीकाली-३, रकुवा स्थित बाहा खोला खानेपानी निर्माणको लागि विशेष अनुदान बाहेक प्राविधिकको लागत अनुमान अनुसार बाँकी रकमको स्रोत सुनिश्चितता गर्न गाउँ सभामा पेश गर्ने भनी निर्णय गरियो ।
- एम्बुलेन्स खरिदको लागि ठेक्का प्रक्रिया अगाडी बढिसकेको हुनाले खरिदका लागि चाहिने आवश्यक रकम रु.२०,००,०००/- सम्बन्धित फर्मलाई अग्रिम भुक्तानी गर्ने निर्णय गरियो ।
- भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी (ब.सु.पू.) को प.सं. २०८१/०८२ च.नं. ८ मिति २०८१/१०/०९ गतेको प्राप्त पत्र अनुसार भुमिहिन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको लागि पालिकास्तरीय र वडा स्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाभित्र संचालित सम्पूर्ण व्यवसायहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता र नवीकरणलाई अनिवार्य गर्ने निर्णय गरियो ।
- डिभिजन वन कार्यालय नवलपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प.सं. २०८१/०८२ च.नं. ८४३ मिति २०८१/०९/२२ गतेको प्राप्त पत्र अनुसार चोरी तथा अवैध काठबाट हुने राजस्व चुहावट नियन्त्रण सम्बन्धमा घर निर्माण इजाजत दिंदा काठको स्रोत खुलाउनुपर्ने र घर निर्माण सम्पन्न कागजात/अभिलेखीकरण पश्चात घरमा प्रयोग गरेको काठको स्रोत खुल्ने कागजात पेश गर्नुपर्ने विषयमा छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा), सिंहदरबार,काठमाडौंको प.सं. ०८१/०८२ च.नं. ५७ मिति २०८१/०८/२६ गतेको प्राप्त पत्र अनुसार मानसिक स्वास्थ्य समस्या र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- बौदीकाली-५, बबकमा रहेको चापाभञ्ज्याङ्ग आमा समूहलाई समूह दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१०/१० गतेको आ.व. २०८१/०८२ को सातौं बैठकका निर्णयहरु :

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. ०८१/०८२ च.नं. ७८ मिति २०८१/१०/०६ गतेको पत्र अनुसार जीवन विज्ञान प्रतिष्ठानद्वारा मिति २०८१/११/११ गतेदेखि २०८१/११/१७ गतेसम्म पोखराको रंगशालामा संचालन गरिने "विराट चक्र विज्ञान" कार्यक्रममा कार्यालयको दैनिक कार्य र सेवा प्रवाहलाई असर नपर्ने गरी इच्छुक कर्मचारी तथा जनप्रतिनिधिलाई सहभागिताका लागि पठाउने निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, सिंहदरवार, काठमाडौंको प.सं. २०८१/०८२ च.नं. १६६ मिति २०८१/०९/२८ गतेको प्राप्त पत्र अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१/९/११ को निर्णय वमोजिम "सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुको प्रभावकारिता" सम्बन्धमा प्राप्त विभिन्न ३१ बुंदे सुझाव छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा, नेपालको प.सं. ०८१/०८२ च.नं. २७६ मिति २०८१/०९/२३ गतेको प्राप्त पत्र अनुसार औद्योगिक ग्राममा पूर्वाधार निर्माण शिर्षकमा विनियोजित बजेट मध्ये रु. १५ लाख स्थानीय तहले खर्च गर्ने गरी आर्थिक मामिला मन्त्रलायबाट च.नं. ३४७ मिति २०८१/०९/१८ गतेमा प्रदान गरिएको अख्तियारी सहमति पत्र बमोजिम बौदीकाली गाउँपालिकामा औद्योगिक ग्रामको जग्गा विकास, जग्गा सम्याउने तथा प्लटिङ्गको कार्यको लागि खर्च गर्ने निर्णय गरियो ।

CamScanner